आज मिति २०८१ साल असार ९ गते आइतबारका दिन विहान १० :०० बजे भजनी नगरपालिकाका नगर प्रमुख एवं सभा अध्यक्ष श्री केवल चौधरीज्यूको अध्यक्षतामा भजनी नगरपालिकाको १५ औं नगर सभाको पहिलो बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री केवल चौधरी | नगर सभा अध्यक्ष | |
| २ | श्री राजु तिरुवा | नगर सभा उपाध्यक्ष | |
| ३ | श्री धर्मेन्द्र श्रेष्ठ | नगर सभा सदस्य | |
| ४ | श्री दुर्गा बहादुर पुनमगर | नगर सभा सदस्य | |
| ५ | श्री बिक्रम चौधरी | नगर सभा सदस्य | |
| ६ | श्री जन्ताराम चौधरी | नगर सभा सदस्य | |
| ७ | श्री केशव बहादुर बुढा | नगर सभा सदस्य | |
| ८ | श्री राम सागर चौधरी | नगर सभा सदस्य | |
| ९ | श्री अमर बहादुर कठरिया | नगर सभा सदस्य | |
| १० | श्री पंकज चौधरी | नगर सभा सदस्य | |
| ११ | श्री संजीव कुमार चौधरी | नगर सभा सदस्य | |
| १२ | श्री मन देवी चौधरी | नगर सभा सदस्य | |
| १३ | श्री जैसरा कामी ओड | नगर सभा सदस्य | जैसरा |
| १४ | श्री शान्ती कुमारी चौधरी | नगर सभा सदस्य | |
| १५ | श्री राजमती चौधरी | नगर सभा सदस्य | |
| १६ | श्री कृष्ण कुमारी चौधरी | नगर सभा सदस्य | Trisha. |
| १७ | श्री गणेश कुमार वि.क. | नगर सभा सदस्य | |
| १८ | श्री प्रेम बहादुर चन्दरा | नगर सभा सदस्य | |
| १९ | श्री रामदेव राजी | नगर सभा सदस्य | |
| २० | श्री बिमा देवी कामी | नगर सभा सदस्य | |
| २१ | श्री सिताराम चौधरी | नगर सभा सदस्य | |
| २२ | श्री फुल राम चौधरी | नगर सभा सदस्य | |
| २३ | श्री राम कुमारी चौधरी | नगर सभा सदस्य | |
| २४ | श्री रेखा देबी कामी | नगर सभा सदस्य | रेखा |

| क्र.स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| २५ | श्री जंग बहादुर डगौरा | नगर सभा सदस्य | |
| २६ | श्री खेम बहादुर डगौरा | नगर सभा सदस्य | |
| २७ | श्री हैरानी देवी ड्गौरा | नगर सभा सदस्य | |
| २८ | श्री शत्रुघन चौधरी | नगर सभा सदस्य | |
| २९ | श्री राजेश कुमार चौधरी | नगर सभा सदस्य | |
| ३० | श्री रिना कुमारी डगौरा | नगर सभा सदस्य | |
| ३१ | श्री खिनाउ देवी बिक | नगर सभा सदस्य | |
| ३२ | श्री दुख रानी चौधरी | नगर सभा सदस्य | |
| ३३ | श्री ताल बहादुर चौधरी | नगर सभा सदस्य | |
| ३४ | श्री जलु देवी साउद | नगर सभा सदस्य | |
| ३५ | श्री कौसी कामी | नगर सभा सदस्य | |
| ३६ | श्री खड्ग बहादुर राजी | नगर सभा सदस्य | |
| ३७ | श्री राजेन्द्र प्रसाद खनाल | नगर सभा सदस्य | |
| ३८ | श्री श्यामलाल ड.चौधरी | नगर सभा सदस्य | |
| ३९ | श्री टिका राम डगौरा | नगर सभा सदस्य | |
| ४० | श्री माया देवी धोबी | नगर सभा सदस्य | |
| ४१ | श्री राज कुमार डगौरा | नगर सभा सदस्य | |
| ४२ | श्री रुपन प्रसाद लोनिया | नगर सभा सदस्य | |
| ४३ | श्री मन देवी ओजी | नगर सभा सदस्य | |
| ४४ | श्री गंगा राम चौधरी | नगर सभा सदस्य | |
| ४५ | श्री लाल्तु डगौरा | नगर सभा सदस्य | |
| ४६ | श्री शोभा चौधरी | नगर सभा सदस्य | |
| ४७ | श्री पदमा देवी बिक | नगर सभा सदस्य | |
| ४८ | श्री भिम बहादुर राजी | नगर सभा सदस्य | |
| ४९ | श्री दुख राम चौधरी | नगर सभा सदस्य | |
| ५० | श्री नीलमकुमार न्यौपाने | सभा सचिव | |

केवल चौधरी
नगर प्रमुख

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रस्तावहरुः

प्रस्ताव न. १. आ.व. २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा।

प्रस्ताव न. २: आगामी आ.व. २०८१/०८२ को आर्थिक विद्येयक सम्बन्धमा।

प्रस्ताव न. ३: आगामी आ.व. २०७९/०८० को विनियोजन विद्येयक तथा आगामी आ.व. २०८१/०८२ को बार्षिक बजेट सम्बन्धमा।

निर्णयहरुः

निर्णय न. १. प्रस्ताव न. १ माथि छलफल गर्दा भजनी नगर कार्यपालिकाबाट स्वीकृत भई पेश हुन आएको यस भजनी न.पा.को आगामी आ.व. २०८१/०८२ को बार्षिक नीति तथा कार्यक्रममा तपसिल बमोजिम सर्बसम्मत बाट पारित गरियो।

<u>तपसिल</u>

"समृद्ध नगर निर्माणको लागि नगरबासीको सहभागिता ।
नगरको सर्वाङ्गीण बिकास र सुशासन हाम्रो प्रतिबद्धता ।।"

*भजनी नगरपालिकाको १५ औं नगरसभा*

नगर प्रमुख श्री केवल चौधरीज्यूले प्रस्तुत गर्नुभएको

आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम

भजनी नगरपालिका
भजनी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल
२०८१ असार ०९ गते

केवल चौधरी
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

भजनी नगरपालिका पन्ध्रौ नगरसभा अधिवेशनका अध्यक्षज्यू, नगरसभा उपाध्यक्षज्यू, नगरसभा सचिवज्यू, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, उपस्थित सम्पूर्ण राष्ट्रसेवक कर्मचारी एवं संचारकर्मीज्यूहरु,

भजनी नगरपालिकाको पन्ध्रौ नगरसभाको गरिमामय अधिवेशनमा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरव अनुभूति गरेको छु । मुलुकमा भएको ऐतिहासिक राजनीतिक आन्दोलनमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका खातिर आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै, राजनीतिक आन्दोलनका क्रममा हालसम्म बेपत्ता, घाइते र अपाङ्ग योद्धाहरु प्रति उच्च सम्मान र सहानुभूति प्रकट गर्दछु।

नेपालको संबिधानले निर्दिष्ट गरे बमोजिम संघीय सरकार र प्रदेश सरकारसँगको समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्त बमोजिम कार्य गर्दै यस नगरपालिकालाई सक्षम, सबल र आत्मनिर्भर बनाउने, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन लगायत समस्त क्षेत्रको विकास मार्फत आर्थिक-सामाजिक विकास गर्दै समतामुलक समाजको निर्माणमा दृढ संकल्पित छौ ।

**नगरसभा सदस्यज्यूहरु,**

अब म भजनी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगर सभा अधिवेशनमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(क) सामाजिक विकास सम्बन्धी नीति**

**(अ) शिक्षा, यूवा तथा खेलकुद सम्बन्धी**

१. नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयमा आधारभूत तह तथा माध्यमिक तह (कक्षा १-१०) सम्म नि:शुल्क शिक्षा प्रभावकारी रुपमा कार्यान्वयन गरिदै लगिनेछ ।

२. सर्वसुलभ गुणस्तरीय प्रविधीमैत्री शिक्षामा जोड दिदै प्राविधिक र नमूना विद्यालयलाई स्मार्ट विद्यालय बनाई प्रविधिको माध्यमबाट पठनपाठन हुने व्यवस्थालाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

३. सामुदायिक विद्यालयमा नेपाली र अंग्रेजी दुवै माध्यमबाट कक्षा संचालन गर्न प्रोत्साहनमूलक कार्यक्रमको व्यवस्था गरिनेछ ।

४. उच्च शिक्षामा अध्यनरत मुक्तकमैया बालबालिका, कम्लहरी, आर्थिकरुपले विपन्न, पिछडिएका आदिवासी जनजाती, लोपोन्मुख सिमान्तकृत, दलित, शहिद तथा द्वन्दपिडित परिवारका बालबालिका, बेपत्ता पारिएका परिवारका बालबालिका, अपाङ्गता भएका बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. प्रारम्भिक उमेरका बालबालिकाको विकासात्मक पक्षहरु र यसमा अभिभावकले निर्वाह गर्नुपर्ने भूमिकाबारे अभिभावकको क्षमता विकास तथा सचेतना अभिवृद्धिका लागि अभिभावक शिक्षा कार्यक्रमलाई प्रभावकारीमा कार्यान्वयन गरिनेछ ।

केवल चौधरी
नगर प्रमुख

६. मेयरकप खेलकुद कार्यक्रम संचालन कार्यलाई निरन्तरता दिदै अन्तर विद्यालय खेलकुद तथा यूवा खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

७. निर्माणाधिन नगर खेलकुद रंगशालाको निर्माण कार्य सिघ्र सम्पन्न गर्नको लागि सम्बन्धीत निकायसँग पहल गरीने छ ।

८. सामुदायीक विद्यालयको अनुगमन मुल्याङ्कन गरी, विध्यालयलाई आवस्यकता र औचित्यताको आधारमा विध्यालय समायोजन र तहगत मिलान गरिने छ ।

९. भजनी महुन्याल बहुमुखी क्याम्पसलाई व्यवस्थित गर्न थप पहल गरिने छ ।

१०. सामुदायिक पुस्तकालयलाई थप व्यवस्थीत र प्रभावकारी बनाईने छ।

(आ) स्वास्थ्य सम्बन्धी

११. भजनी प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरवृद्धि गरि सुविधासम्पन्न १५ शैयाको नगर अस्पतालमा स्तरोन्नति गरिनेछ।

१२. सामुदायिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य सस्थाहरुलाई प्रयोगशाला सहित अत्याधुनिक मेशिनरी औजार सम्पन्न बनाई सेवा प्रदान गरिने छ।

१३. थारु समुदायमा व्याप्त रहेको सिकलसेल एनिमिया रोगको नियमित जाँचको लागि भजनी प्राथमिक स्वास्थ्य केन्द्रमा आवश्यक व्यवस्था मिलाइनेछ।

१४. गर्भवतीहरुलाई बर्थिंग सेन्टरसम्म लैजान निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ साथै सुत्केरी भत्ता कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१५. स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत अतिविपन्न तथा गरिव परिवार र अपाङ्गता भएका व्यक्तिका परिवारहरुलाई स्वास्थ्य उपचारका लागि प्रदान गरिने आर्थिक सहयोगको सट्टामा निशुल्क स्वास्थ्य बिमा गर्ने व्यवस्था मिलाइनेछ।

१६. मेडिक मोबाइल कार्यक्रमलाई थप प्रभावकारी बनाउदै महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१७. नागरिकको घर-टोलमा स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक शिविर, महिलाहरुको पाठेघर सम्बन्धि शिविर, सिकलसेल एनिमिया, आँखा, नाक, कान, घाँटी र मानसिक रोग सम्बन्धि शिविरहरु संचालन कार्यलाई निरन्तरता दिईनेछ ।

१८. नसर्ने रोगहरु तथा मानसिक स्वास्थ्यको निरोगिताको लागि पुर्वकर्म, पञ्चकर्म, शिरोधारा, नस्यकर्म लगायत स्वेदन, कटी वस्ती, जानु वस्ती जस्ता कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१९. "मेरो स्वस्थ्य मेरो जिम्मेवारी निरोगी नेपाल अभियान" नारालाई योग प्रशिक्षण एवं योग शिविरहरु संचालन गरिने व्यवस्था मिलाइनेछ ।

केवल चौधरी
नगर प्रमुख

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

(झ) युवा, श्रम तथा रोजगार सम्बन्धी

२०. आर्थिक सामाजिक हिसावले बिपन्न, बेरोजगार युवा वर्गहरुका लागि सरकारी सेवामा उनीहरुको सहभागिता अभिवृद्धिका लागि लोकसेवा परीक्षा तयारी कक्षा एवं मागमा आधारित सीपमुलक तालिम संचालन गरिनेछ ।

२१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्न पुर्वाधार योजनासँग जोडदै वेरोजगार युवालाई प्रोत्साहन दिने खालका कार्यक्रम निर्माणमा विशेष जोड दिइने छ ।

२२. श्रमको सम्मान राष्ट्रिय अभियान कार्यक्रम अनुरुप प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभाकारी बनाउदै वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सहभागिता बढाउन जोड दिईने छ।

२३. रोजगार सुचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित गर्दै सुचिकृत बेरोजगार श्रमिकहरुलाई योग्यता, क्षमता र सीपको आधारमा रोजगार दिइने नीति लिईनेछ ।

२४. पुर्व सिकाईको मान्यता प्रणालीद्वारा स्थानीय तह भित्रका युवाहरुको सिप परिक्षण गरि प्रमाणीकरण गर्ने नीति लिईनेछ ।

(ई) महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी

२५. उपमेयर महिला सुरक्षा कोष र लैङ्गिक हिंसा निवारण कोषको परिचालनमा प्रभावकारिता ल्याई महिला सुरक्षा तथा उत्थान कार्यलाई निरन्तरता दिइनेछ साथै हिंसा पिडित, विपद पिडित महिलाको सुरक्षार्थ सेफ हाउसको व्यवस्थापन सहित संचालन गरिनेछ ।

२६. सहिद परिवार, द्वन्द पिडीत, बेपत्ता पारिएका परिवार, आर्थिक रुपले अति-विपन्न, दलित, लोपोन्मुख, मुक्तकमलरी र अपाङ्गता भएका महिलाहरुका लागि सशक्तिकरण र जिविकोपार्जनका कार्यक्रमहरु संचालनलाई निरन्तरता दिईनेछ ।

२७. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ।

२८. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि अपाङ्गता लक्षित कार्यक्रमहरु तय गरि सबै प्रकारको अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापन र व्यवसायिकताका लागि पुनर्स्थापना स्वास्थ्य उपचार र सहायक सामाग्रीहरुको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२९. बालमैत्री स्थानिय शासन पद्धतिलाई अवलम्वन गर्दै बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने दुर्व्यवहार वा लैङ्गिकतामा आधारित हिंसालाई निरुत्साहित गरिनेछ।

३०. ज्येष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकार संरक्षणको लागि ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

३१. छुवाछुत, सामाजिक कुरिती, अन्धविश्वास, लैगिंक विभेद र हिंसाका घटंनाहरु अन्त्यका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३२. लागु पदार्थ दुर्व्यसनी विरुद्ध तथा आत्महत्या जस्ता विकृति निरुत्साहन गर्न किशोरकिशोरीलाई सकारात्मक धारणा विकासका लागि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

केवल चौधरी
नगर प्रमुख

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

३३. पुर्नस्थापना हुन छुटेका मुक्तकमैयाहरुको पुनर्स्थापनाका लागि प्रदेश र संघ सरकारसंग समन्वय र सहकार्य गरिनेछ । साथै नगरस्तरिय रुपमा मुक्त कमैया दिवस मनाइनेछ ।

(उ) सामाजिक सुरक्षा तथा पंजिकरण सम्बन्धी

३४. नेपाल सरकारको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत संचालन हुने कार्यक्रमहरुलाई थप प्रभावकारी र दिगो बनाईनेछ ।

३५. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ।

३६. व्यक्तीगत घटनादर्ता तथा सामाजिक सुरक्षालाई प्रविधि मैत्री बनाउन सुचना व्यवस्थापन प्रणाली सम्वन्धी प्राविधिक कर्मचारीको व्यवस्था गरिने छ ।

## ख. आर्थिक बिकास नीति

### (अ) कृषि बिकास तथा पशु सेवा सम्बन्धी

३७. सिचाईको लागि कृषि विद्युतीकरणमा जोड दिदै एकिकृत सिचाई प्रणाली विस्तार गरिनेछ।

३८. कृषक पाठशाला कार्यक्रम संचालन गरी जैविक तथा प्राङगारिक खेती प्रणालीलाई प्रोत्साहन गर्दै कृषि उत्पादनमा आधारित अनुदान प्रणाली अवलम्वनमा जोड दिईने छ।

३९. किसानहरुलाई आत्मनिर्भर बनाउन ब्यवसायिक तथा बेमौसमी तरकारी खेती, खाद्यान्न बाली, चैते धान र फलफुल खेतीलाई प्रोत्साहन दिदै विशेष बालीको पकेट क्षेत्र निर्माण गरि तरकारी तथा खाद्यान्न बालीमा आत्मनिर्भर नगर बनाईनेछ।

४०. स्थानीय तरकारी उत्पादनमा वृद्धि गरि बजारीकरण गर्न कृषि हाटबजारको व्यवस्था गर्दै दोश्रो मुलुकबाट आयात गरिने तरकारीलाई निरुत्साहित गर्दै लगिनेछ।

४१. यस नगर भित्रका सम्पुर्ण कृषकहरुको आयआर्जन तथा प्रत्यक्ष सरोकार राख्ने पशुपालन ब्यवसायको व्यवसायीकता, आधुनिकीकरण र बजारीकरणलाई बिशेष प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरिनेछ।

४२. पशुपंक्षी ब्यवसायको उत्पादकत्व बृद्धि गर्न र आयआर्जनलाई टेवा मिल्ने कृत्रिम गर्भाधान सेवालाई **निशुल्क उपलब्ध** गराईने व्यवस्थालाई निरन्तरता दिईनेछ।

४३. नगर भित्र रहेका सम्पुर्ण पशुपंक्षीपालन गर्ने कृषकहरुको उत्पादन वृद्धि र लागत कम गर्नको साथै जोखिम न्युनिकरण गर्न पशु विमालाई थप व्यवस्थित गर्दै निरन्तरता दिईनेछ।

४४. भजनी नगरपालिका भित्रका सम्पुर्ण कृषकहरुको लागि अति आवश्यक पर्ने बिभिन्न औषधीहरु निशुल्क रुपमा उपलब्ध गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४५. वडाहरुमा रहेका सामुदायिक पशुहरुको व्यवस्थापन गर्न बनेका गौशालाहरुलाई व्यवस्थित गर्न एकिकृत गौशाला निर्माण गरिनेछ।

४६. भजनी नगरपालिकामा रहेका बिभिन्न प्राकृतिक ताल, कृत्रिम तालहरुमा बाह्रैमहिना माछा उत्पादनलाई टेवा दिन आधुनिक एवं व्यवसायिक माछापालनलाई जोड दिईनेछ।

४७. भजनी नगरपलिका भित्रको दुर्गम बस्तीहरु जहाँ पशु सेवा शाखाको सेवाप्रवाह नभएका र सेवाग्राहीको समस्या सम्बोधन गर्न समय-समयमा पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरि सेवाप्रवाहलाई सरल सहज बनाईनेछ।

फुलैन चौधरी
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

केवल चौधरी
नगर प्रमुख

## (आ) सहकारी विकास तथा गरिबी निवारण सम्बन्धी

४८. सहकारीहरुलाई उत्पादनशील बनाउदै गरिबी निवारण गर्ने उद्देश्यले सबै प्रकारका सहकारीहरुलाई उत्पादन तथा स्वरोजगारका कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ ।

४९. अनौपचारिक क्षेत्रमा संलग्न महिला, दैनिक ज्यालादारीमा कार्य गर्ने मजदूरहरुलाई सहकारीमा आवद्ध गराउन विशेष कार्यक्रमको व्यवस्था गरिनेछ।

५०. सहकारी संस्थाहरुमा आर्थिक सुशासन कायम गर्नको लागि नगरपालिकाको कार्यक्षेत्रभित्र रहेका सहकारीको सुचक सहित सघन अनुगमन गरी नियमन गरिनेछ। नागरिकको वचत तथा निक्षेपलाई सुरक्षित र सुनिश्चित गर्नको लागि कार्यक्षेत्र भित्रका सहकारीको क्षमता अभिवृद्धी गर्दै लगिनेछ ।

५१. विषय र उद्देश्य मिल्ने सहकारी संस्थाहरुलाई एकीकरण गर्न तर्फ पहल गरिनेछ। साथै सहकारी क्षेत्रका विकासका लागि सहकारी संघ संस्थाको नियमित अनुगमन र नियमनलाई प्रभावकारी बनाईने छ।

५२. कृषि, पशु सेवा, महिला विकास र स्वास्थ्य शाखाबाट गठन भएका समूहहरुलाई वित्तिय साक्षरता तथा सहकारी सचेतना सम्बन्धी अभिमुखिकरण गरी सहकारीमा आवद्ध गर्न प्रोत्साहन गरिनेछ।

५३. सबै सहकारी संस्थाहरुलाई सहकारी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) मा आवद्ध गरिनेछ ।

५४. सहकारी संघ संस्थालाई स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको प्रवर्द्धन, स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, प्याकेजिङ र बजारीकरणका लागि प्रोत्साहन गरिनेछ।

५५. सहकारी संस्थाहरुको संस्थागत सशुासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनगुमन समिति निर्माण गरी अनुगमनलाई प्रभावकारी तुल्याइनेछ ।

५६. सहकारी संस्थाहरुको प्रवर्धन र नियमन गरिनेछ । नगरपालिका, जिल्ला सहकारी संघ, विषयगत सहकारी संघ र प्रारम्भिक सहकारी संस्था समेतको साझेदारीमा सहकारी सचेतना, सहकारी व्यवस्थापन, सहकारी लेखा, सहकारी प्रविधि जस्ता विषयहरुको तालिम संचालन गरिनेछ ।

५७. फोहोरको वैज्ञानिक व्यवस्थापन, विपद व्यवस्थापन, सामाजिक सचेतना, समुदाय परिचालन, लघुवित्त परिचालन, उत्पादन बृद्धि जस्ता क्षेत्रमा सहकारी संस्थाहरुलांई मुख्य भूमिका सहित साझेदारी गराईनेछ ।

## (इ) पर्यटन प्रर्वद्धन सम्बन्धी

५८. नगर क्षेत्रभित्रका ऐतिहासिक सम्पदा, मठ मन्दिर, पर्यटकीय स्थलको रुपमा रहेका धार्मिक स्थल, चौतारी, बरपीपल, खेल-मैदान, डल्फिन क्षेत्र, ताल तलैया आदिको संरक्षण तथा निर्माण, सम्वर्धन र समुचित उपभोग

केवल चौधरी
नगर प्रमुख

गर्दै यस्ता ऐतिहासिक सांस्कृतिक महत्वका स्थानहरुलाई नगर सम्पदाको रुपमा विकास गरी आन्तरिक एवम् वाह्य पर्यटक भित्राउन आवश्यक पहल गरिनेछ ।

५९. नगर क्षेत्रमा आन्तरिक श्रोत तथा प्रर्यटकीय क्षेत्रको रुपमा रहेका ताल तलैयाहरुको संरक्षण सम्वर्द्धन तथा समुचित उपभोग गर्नको लागि आवश्यक नीति तथा कानुन निर्माण गरि कार्यान्वयन गरिने छ ।

६०. यस नगरपालिकामा ठुलो बस्तिको रुपमा रहेको लोपोन्मुख जाती राजी तथा कुमाल समुदायको कला, संस्कृति, भाषाको प्रर्बद्धन र संरक्षणका हेतुसंग्राहालयको स्थापनाका साथै यस क्षेत्रमा सबैभन्दा बढी बाहुल्यता रहेको थारु जातीको पहिचान, कला, संस्कृतीको संरक्षण गर्नथारु संग्राहालय, होमस्टे तथा नमुना बस्ती स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

### (ई) उद्यम बिकास सम्बन्धी

६१. नवप्रवर्तनमा आधारित उद्यम व्यवसायलाई प्रोत्साहित गरिने छ ।साथै नवप्रवर्तनको क्षेत्रमा काम गर्न चाहिने युवाहरुको दक्षता तथा सिपको उपयोग गरि उद्यम व्यवसाय प्रवर्द्धन गर्न विशेष कार्यक्रमहरु संचालन गरिने छ ।

६२. आत्मनिर्भर हुनसक्ने वस्तु तथा सेवा उत्पादन गर्ने सम्भावित उद्योगहरु पहिचान गरि त्यस्ता उद्योगहरुको विकास र स्थायित्वका लागि नीतिगत प्रबन्ध गरिने छ ।

६३. रोजगारी र उद्यमशिलता उन्मुख स्वरोजगारका लागि सिप, पूँजी र व्यावसायिक तालिम उपलब्ध गराइनुका साथै सुरुवाती व्यवसाय गर्न आवश्यक पर्ने प्रविधि हस्तान्तरण गरिने नीति लिईने छ ।

### (ग) पूर्वाधार विकास सम्बन्धी नीति :

६४. नगर भित्र निर्माण हुने भौतिक संरचनाको गुणस्तर सुनिश्चितता गर्नको निम्ती निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परिक्षण गर्न ल्याब टेस्टलाई अनिवार्य गरिदै लगिने छ ।

६५. नगरस्तरिय सडक तथा विकास निर्माण कार्यको गुणस्तर अभिवृद्धि एवं यथासमयमा कार्यसम्पन्न गर्न नगरवाट खरिद गरीएको रोलरको प्रयोगलाई प्रभावकारी बनाउँदै आगामी आ.व.मा टिप्पर र टेक्टर खरिद गरी थप प्रभावकारी बनाईने छ ।

६६. नगरपालिका भित्रका अधुरा आयोजनाहरुलाई प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ ।

६७. नगरपालिकाका मिस्त्री तथा ज्यामीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यमा तालिम प्रदान गरि निर्माण कार्यमा गुणस्तर अभिवृद्धि गरिनेछ ।

६८. उपभोक्ता समिति मार्फत गरिने कार्यहरुको थप व्यवस्थित र गुणस्तर अभिवृद्धि गर्न क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ ।

६९. यातायात सेवालाई व्यवस्थित गर्दै बसपार्क निर्माणका लागि स्थानको पहिचान गरि निर्माण कार्यलाई अगाडी बढाईनेछ ।

केवल चौधरी
नगर प्रमुख

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## (घ) वन वातावरण, फोहोरमैला तथा विपद व्यवस्थापन सम्बन्धी नीति:

७०. आगलागीबाट हुने धनजनको क्षतीलाई न्युनिकरण गर्न आगामी आ.व.मा दमकल खरिद गरि सेवा प्रवाह गरिनेछ ।

७१. जलवायु परिवर्तनलाई पूर्वाधार बिकासका कार्यक्रममा मुलपर्वाहिकरण गर्दै विपद जोखिम न्यूनीकरण, जलवायु अनुकुलन, वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन तथा जलाधार संरक्षणसंग सम्वन्धित कार्यहरुलाई एकीकृत ढंगले अगाडी बढाउन नीतिगत, सस्थागत र प्रक्रियागत सुधार गरिनेछ ।

७२. नगरक्षेत्र भित्रका मुख्य नदीहरुमा जैविक तथा आवश्यकता अनुसार तटबन्धन, बृक्षारोपण मार्फत नदी नियन्त्रण कार्यलाई निरन्तरता दिईनेछ ।

७३. यस नगरपालिकामा बर्षेनी प्रमुख समस्याको रुपमा रहदै आएको बाढी प्रभावित क्षेत्रका जनताहरुको लागि सुरक्षित बसोबास तथा दिगो व्यवस्थापनको लागि संघिय सरकार तथा प्रदेश सरकारसँग तथा विकास साझेदार संग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

७४. नगरस्तरीय विपद् व्यवस्थापन समिति र वडास्तरीय विपद व्यवस्थापन समितिलाई थप क्रियाशील र प्रभावकारी बनाइनेछ ।

७५. विपदबाट घरबार विहीन नागरिकहरुको पुनर्बास र स्तरोन्नतिको लागि नगरपालिकाबाट गरिने आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ।

७६. विपद् तथा महामारीको समस्याबाट बच्नका लागि पुर्व तयारीका लागि जनचेतना मुलक कार्यक्रम गर्नुका साथै यस क्षेत्रमा क्रियाशील सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि गरिनेछ ।

७७. "हाम्रो रहर, सफा सुग्घर भजनी नगर" भन्ने नारामा साथ नगरको फोहोर व्यवस्थापन गर्न फोहोर व्यवस्थापन ऐन, नियम तथा कार्यविधि तयार गरी सम्बद्ध संघ सस्थाहरुसँग समन्वय तथा सहकार्य गरी फोहोर व्यवस्थापन कार्यलाई प्राथमिकता दिईनेछ

७८. बजार क्षेत्र र सार्वजनिक स्थलहरुमा सार्बजनिक सैचालय निर्माण गर्दै लगिने र संचालन एवं व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ ।

## (ङ) सुशासन तथा संस्थागत विकास नीति:

७९. भजनी हाम्रो प्राण, भजनी हाम्रो ज्यान, भजनी मै छ जिन्दगी, यही छ हाम्रो शान भन्ने भनाईलाई व्यवहारमा उतार्दै जनतालाई केन्द्र विन्दुमा राखी सार्वजनिक सेवा प्रवाहमा जोड दिईने छ।

८०. भ्रष्टाचार शुन्य-सहन्शिलतालाई आत्मसाथ गरी सार्वजनिक कोषको प्रयोगमा जवाफदेहीता, पारदर्शिता, मितव्यायीता, प्रभावकारीता, औचित्यता प्रबर्द्धन गर्दै वितिय सुशासन कायम गरीने छ।

केवल चौधरी
नगर प्रमुख

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाशी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

८१. संस्थागत क्षमता अभिवृद्धी गर्न कर्मचारी तथा जनप्रतिनिधिहरुलाई तालिमको व्यवस्था गरिनेछ साथै कर्मचारीको वृतिविकासमा जोड दिदै कर्मचारी प्रोत्साहन कार्यलाई थप प्रभावकारी बनाईने छ ।

८२. सार्वजनिक सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोगलाई बढवा दिई नगरलाई सुचना प्रविधीमैत्री बनाईने छ ।

८३. नागरिकहरुका गुनासो सुनाई तथा गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउदै सुशासन कायम गर्न गुनासो व्यवस्थापन प्रणालीलाई व्यवस्थीत गरिनेछ ।

८४. आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट औल्याइने बेरुजुलाई न्युनिकरण गर्दै ठहर भैसकेको बेरुजुको बेरुजु फर्छ्यौट गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

८५. नगरपालिकाको सुरक्षा प्रभावकारिताको लागि नगर प्रहरीको ब्यवस्था गरिनेछ । साथै नगर सुरक्षा तथा सिमा सुरक्षालाई थप मजबुत बनाई सामाजिक शान्ति सुरक्षा कायम गर्न प्रहरी प्रशासनसँग समन्वय र सहकार्य गरी शान्ति सुरक्षालाई प्रभावकारी बनाईदै लगिनेछ।

८६. भजनी नगरभित्रका बजार क्षेत्रमा रहेका ठेला, माटो, ढुङ्गा आदि अवरोधहरुलाई नगरबाट अनुगमन गरी आवश्यक व्यवस्थापन गरिनेछ ।

८७. न्यायिक समितिको क्षमता विकास गरी स्थानीय मुद्दा एवं विवादहरुलाई वार्ता, मध्यस्थता, छलफल, आपसी समझदारी, सहिष्णुता र सुझवुझपूर्ण तवरले विवाद समाधान गरिदै लगिनेछ।

८८. नगर तथा वडामा मेलमिलाप केन्द्रको गठन, क्षमता विकास गरी न्यायिक समितिको न्याय सम्पादन प्रक्रियालाई सरल, सहज एवं छरितो बनाइनेछ ।

८९. भजनी नगरपालिका भित्र बसोबास गर्ने सम्पूर्ण भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासीलाई राष्ट्रिय भुमि आयोगसंग समन्वय गरीजग्गा नापजाँच गरिने कामलाई निरन्तरता दिनुका साथै जग्गा धनी प्रमाण पुर्जा वितरण गरिनेछ ।

९०. संघ-संस्थाहरु मार्फत कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्दा अन्य कानूनी प्रावधानका साथै नगरको बजेटमा १० प्रतिसत भन्दा बढी लागत साझेदारी गर्ने साझेदारहरुलाई प्राथमिकता दिईनेछ ।

९१. भजनी नगरको विकासका लागि दातृ निकाय तथा संघ संस्था र राष्ट्रबाट प्रदान गरिने बैदेशीक सहायता स्वीकार गरिने छ ।

(च) राजश्व परिचालन सम्बन्धी नीति

९२. नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्न प्रगतिशील कर प्रणाली अनुरुप करको दायरालाई फराकिलो बनाउदै लगिने छ ।

९३. राजस्व संकलन तथा प्रतिवेदन प्रणालीलाई सूचना प्रविधि व्यवस्थापन प्रणालीमा आवद्ध गर्दै राजस्व प्रशासनलाई चुस्तदुरुस्त र करदाता मैत्री बनाइनेछ ।

९४. राजस्व क्षेत्रको सुधारका लागि नीति तथा संस्थागत सुदृढीकरण, करदाताहरुको अभिलेखिकरण गर्दै राजश्व संकलनमा प्रभावकारिता ल्याइनेछ । साथै तालको बक्यौता रहेको राजस्वलाई कडाईका साथ असुल उपर गरिनेछ ।

९५. ताल तलैया तथा सामुदायिक वन पैदावारलाई व्यवस्थित गर्दै करको दायरामा ल्याईनेछ साथै सानासवारी साधन, हाटबजार, व्यवसायीलाई करको दायरामा ल्याई व्यवस्थित गरिनेछ ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

आदरणीय नगरसभा उपाध्यक्षज्यू, सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,

यस नगरको उल्लेखित नीति तथा कार्यक्रमको परिधीभित्र रही आगामी आर्थिक वर्षबाट हामी **धार्मिक, सांँस्कृतिक, योग सम्बन्धी कार्यक्रम** लगायत विभिन्न परम्परागत **सम्पदाको सँरक्षण र सम्बर्द्धन गर्ने** कार्यक्रम साथै **आधुनिक र प्रविधियुक्त, युवा लक्षित कार्यक्रम** सँचालन गर्दै सीमित श्रोत र साधनका बावजुद पनि अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गरिने व्यहोरा यस गरिमामय सभामा जानकारी गराउदछु ।

यो नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने अवस्थामा सबै पक्षको सहकार्य र समन्वय आवश्यक छ। साथै संघीय सरकार र प्रदेश सरकारले अघि सारेका नीति र कार्यक्रम सञ्चालन गर्ने हरेक कृयाकलापमा नगरपालिकाले आवश्यक समन्वय गरि अघि बढ्नेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा समन्वय, सहयोग पुर्याउनुहुने सम्पुर्ण जननिर्वाचित पदाधिकारी, राजनीतिक दल, विज्ञ वर्गहरु, राष्ट्रसेवक कर्मचारीहरु, संचार जगत, नागरिक समाज, नीजि क्षेत्र, गैरसरकारी संघसँस्था र नगरपालिकाका नागरिकहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यो नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्वद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राख्दछु ।

धन्यवाद ।
केवल चौधरी
नगर प्रमुख
दिनाङ्क २०८१ साल आषाढ ०९ गते

निर्णय न. २: प्रस्ताव न. २ माथि छलफल गर्दा यस भजनी न.पा.को आगामी आ.व. २०८१ /०८२ आर्थिक विधेयक नगर सभामा पेश गरियो ।

निर्णय न. ३: प्रस्ताव न. ३ माथि छलफल गर्दा यस भजनी न.पा.को आगामी आ.व. २०८१ /०८२ को विनियोजन विधेयक, २०८१ तथा आ.व. २०८१ /०८२ को अनुमानित बार्षिक बजेट बक्तव्य नगर सभामा पेश गरियो ।